आज मिति २०८२ साल माघ २८ गते बुधबारका दिन बिहान ११:०० बजे यस नौबहिनी गाउँपालिकाका अध्यक्ष श्री दिल बहादुर थापाको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| १. श्री दिल बहादुर थापा | (गाउँपालिका अध्यक्ष) |
| २. श्री विस्ना थापा | (गाउँपालिका उपाध्यक्ष) |
| ३. श्री घन बहादुर बुढा मगर, अध्यक्ष- वडा नं. १ | (सदस्य) |
| ४. श्री गोपिराम घर्ति मगर, अध्यक्ष- वडा नं. २ | (सदस्य) |
| ५. श्री डिल बहादुर के. सी., अध्यक्ष- वडा नं. ३ | (सदस्य) |
| ६. श्री भिम बहादुर घर्ति मगर, अध्यक्ष- वडा नं. ४ | (सदस्य) |
| ७. श्री दलराज पुन मगर, अध्यक्ष- वडा नं. ५ | (सदस्य) |
| ८. श्री मान बहादुर के. सी., अध्यक्ष- वडा नं. ६ | (सदस्य) |
| ९. श्री रोम प्रसाद वुढाथोकी क्षेत्री , अध्यक्ष- वडा नं. ७ | (सदस्य) |
| १०.श्री मान बहादुर के. सी., अध्यक्ष- वडा नं. ८ | (सदस्य) |
| ११.श्री शुसिला सुनार | (सदस्य) |
| १२.श्री लाली गिरी | (सदस्य) |
| १३.श्री लाली गिरी | (सदस्य) |
| १४.श्री मिन बहादुर सुनार | (सदस्य) |
| १५.श्री लाल बहादुर सुनार | (सदस्य) |
| १६.श्री रविना मल्ल | (सदस्य) |
| १७.श्री इन्द्रा सुनार | (सदस्य) |
| १८.श्री खड्ग वि. क | (सदस्य सचिव) |

अन्य उपस्थिति:

१. श्री चन्द्र ब. वि. एम. — का. वा. अध्यक्ष वडा नं. ४

२. श्री रवि पराजुली इन्जिनियर - पूर्वाधार वि. शा. प्रमुख

३. श्री अनिल भण्डारी - वातावरण विद् | [illegible] इन्जिनियर्स प्रा. ली.

४. श्री यमा रसमी - [illegible]

मिति २०८२।१०।२८ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १**

गत कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरी कार्यान्वयन हुन नसकेका र कार्यान्वयनको चरणमा रहेका निर्णयहरू कार्यान्वयनमा तिव्रता दिने।

**निर्णय नं. २**

संघीय समपुरक योजना अन्तर्गत गत आर्थिक वर्ष देखि कार्यान्वनमा रहेको क्रमागत योजना **चिसापानी गावै डामृ मोटर बाटोको** लागत अनुमान ५ करोड ४ लाख रहेकोमा ३ वर्षे योजनाको रुपमा स्वीकृत भई ठेक्का प्रक्रियाबाट सम्झौता हुने क्रममा रहेकाले आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने करिव २ करोड वजेट मध्ये गाउँपालिकाले बेहोर्ने रकम बाहेकको करिब १ करोड ५० लाख बजेट क्रमागत समपुरक योजनाको रुपमा संघीय सरकार समक्ष माग गर्ने।

**निर्णय नं. ३**

कुनौटा मेला व्यवस्थापन समितिले कार्तिक पुर्णिमामा लाग्ने ऐतिहासिक कुनौटा मेला व्यवस्थापनका लागि भएको खर्च बापतको रकम भुक्तानीका लागि आर्थिक सहयोग माग गरी निवेदन पेश गरेकोमा खर्च विलभरपाईको आधारमा रु १५०००। (पन्ध्र हजार मात्र) नवढ्ने गरी आर्थिक सहयोग प्रदान गर्ने।

**निर्णय नं. ४**

राष्ट्रिय रोजगार कार्यक्रममा साझेदारी मार्फत रोजगारी सिर्जना शिर्षकमा बिनियोजित रकम रु. १०००००० (दश लाख) लाई प्रत्येक वडामा १२५०००। (एक लाख पच्चिस हजार) पर्ने गरी ब्रेकडाउन गर्ने। उक्त रकम सुरक्षा तथा निर्माण सामग्री खरिद कार्यमा खर्च गर्ने गरी कार्यान्वयन गर्ने।

**निर्णय नं. ५**

उन्नत नश्लका गाई खरिद तथा वितरण ५० प्रतिशत अनुदान कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा १ जना मात्र कृषकको आवेदन परेकाले पुनः दोस्रो पटक सूचना प्रकाशन गर्ने।

प्रमाणित गर्नेः
नाम : छड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मितिः.........

प्रमाणिकरण गर्नेः
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः.........



CamScanner

मिति २०८२।१०।२८ गते बसेको गाउँकार्यपालिका वैठकका निर्णयहरु:

**निर्णय नं. ६**

अध्यक्षकप भलिवल २०८२ सञ्चालन गर्दा भएको खर्च सम्वन्धी विल भरपाई शिक्षा युवा तथा खेलकुद विकास शाखावाट फाइल अध्ययन भई पेश भए पश्चात खर्च रकम भुक्तनी गर्ने। उक्त कार्यक्रममा प्रत्येक वडावाट सहभागी हुने खेलाडीहरुको खाना र आवासका लागि भएको खर्च रकम विविध खर्च शिर्षकबाट व्यय हुने गरी भुक्तानी गर्ने। अध्यक्षकप भलिवल कार्यक्रम सँगै आयोजना गरिएको ब्याडमिन्टन प्रतियोगिता कार्यक्रम सञ्चालन गर्दा भएको खर्च विविध खेलकूद कार्यक्रमबाट भुक्तानी गर्ने।

**निर्णय नं. ७**

सडक वोर्ड नेपालवाट आ.व. २०८२।०८३ मा कार्यान्वयन हुने गरी सडक मर्मत सम्भार कार्यको लागि ७६००००। सात लाख साठी हजार बजेट बिनियोजन गरी पठाएकाले उक्त रकमवाट नौवहीनी गाउँपालिका वडा नं. ८ अन्तर्गत रहेको अधेरी गातिना फोप्ली सडक मर्मत गर्ने गरी बजेट स्वीकृत गरी सडक वोर्ड नेपाल, काठमाडौंमा पठाउने।

**निर्णय नं. ८**

मिति २०८२ पौष २१ देखि २०८२ माघ २८ सम्म कार्य सम्पन्न भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रहरु फरफारक गरी खर्च अनुमोदन गर्ने।

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट | कार्यसम्पन्न मिति | भुक्तानी हुने रकम | निर्माण व्यवसायी/ उ.स. को नाम |
|---|---|---|---|---|---|
| १ | पूर्ण गाउँ पिपलवोट पोखरी निर्माण | २,००,००० | २०८२/१०/१५ | १८४००० | पूर्ण गाउँ पिपलवोट पोखरी निर्माण उ.स. |
| २ | आटीघर वस्ती संरक्षण | १,००,००० | २०८२/१०/२४ | ९२,००० | आटीघर वस्ती संरक्षण उ.स. |
| ३ | कुलली मेसिनरी वाल | १,५०,००० | २०८२/०९/३० | १,३८,००० | कुलली मेसिनरी वाल उ.स. |
| ४ | ग्रतिम्ला मन्दिर घेरावार निर्माण | १,००,००० | २०८२/०९/२५ | ९२,००० | ग्रतिम्ला मन्दिर घेरावार निर्माण उ.स. |

प्रमाणित गर्नेः
नाम : खड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मितिः..........

प्रमाणिकरण गर्नेः
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः..........

मिति २०८२।१०।२८ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. ९

क्रेष्ट इन्जिनियरिङ प्रा.ली. बाट तयार गरिएको रिठाघाट ने.रा. प्रा. वि. काफलबुटा मोबा को IEE रिपोर्ट पूर्वाधार विकास शाखा प्रमुखको सिफारिसमा स्वीकृत गर्ने।

निर्णय नं. १०

बिविध खर्च शिर्षकबाट व्यय हुने गरी १ जना पनि SBA तालिम प्राप्त जनशक्ति नभएका स्वास्थ्य संस्थाबाट २ जना नर्सिङ स्टाफलाई SBA तालिममा सहभागी गराउने।

निर्णय नं. ११

नौबहिनी गाउँपालिकाको भूउपयोग वर्गिकरणमा त्रुटीवस फरक पर्न गएका विभिन्न वडा अन्तर्गतका जग्गा एवम् वर्गिकरणमा छुट हुन गएका जग्गा कित्ताहरु सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा जग्गा वर्गिकरण कायम गरिदिन मालपोत तथा नापी कार्यालयमा सिफारिस गर्ने।

प्रमाणित गर्ने:
नाम : खड्ग वि.क
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मितिः.........................

प्रमाणिकरण गर्ने:
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः...........